# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १० मितिः २०८१/१२/२६

### भाग-२

### भीरकोट नगरपालिका

## सामुदायिक विद्यालय समायोजन कार्यविधी, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२२**

**प्रस्तावनाः-**

भीरकोट नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुलाई एक आपसमा समायोजन गरि विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गर्न वान्छनीय भएकोले, भीरकोट नगरपालिकाको भीरकोट शिक्षा ऐन, २०७५ (संशोधन,२०८० सहित) को दफा ३६ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि भीरकोट नगरपालिकाको कार्यालयले यो कार्यविधी बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-** यस कार्यविधीको नाम “भीरकोट नगरपालिकामा सामुदायिक विद्यालय समायोजन कार्यविधी,२०८१” रहेको छ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधी मा

(क)“कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत सहायक र सहयोगीको रुपमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ख)“कार्यपालिका” भन्नाले भीरकोट नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) “कार्यालय” भन्नाले भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(घ) “नगरपालिका” भन्नाले भीरकोट नगरपालिका सम्झनुपर्दछ ।

(ङ) “नगर शिक्षा समिति” भन्नाले भीरकोट नगरपालिकामा गठित नगर शिक्षा समिति सम्झनुपर्छ ।

(च) “विद्यालय” भन्नाले भीरकोट नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(छ)“विद्यालय समायोजन” भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभ्ने, एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने (एकीकरण) वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्य सम्झनुपर्छ ।

(ज) “शिक्षक” भन्नाले सामुदायिक विद्यालय सरकारी अनुदानमा कार्यरत स्थायी, अस्थायी, राहत वा अन्य शिक्षक सम्झनुपर्छ ।

(झ)“शिक्षा शाखा” भन्नाले भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयको शिक्षा शाखा सम्झनुपर्छ।

## परिच्छेद -२
## विद्यालय समायोजनको सैद्धान्तिक आधार

**३. विद्यालय समायोजनका आधारः**

दुई वा दुई भन्दा बढी विद्यालयहरु गाभी एउटा विद्यालय कायम गर्दा देहायका आधारमा गर्ने ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको ।

(ख) दुई वा सो भन्दा बढी विद्यालय बिचको पैदल दुरी पहाडी भागको हकमा ३० मिनेट भन्दा कम रहेको।

(ग) कक्षा ९-१० संचालन भै रहेको माध्यमिक विद्यालय संचालनमा आउन सक्ने न्युनतम आधारहरु पुरा नभएका विद्यालयलाई आधारभूत विद्यालयको रुपमा संचालन गर्ने ।

(घ) कक्षा ११-१२ को अनुमति वा स्वीकृति लिई न्यून विद्यर्थी संख्या भई आधारभूत भौतिक सुबिधा समेत नभएका विद्यालयहरु कक्षा १० सम्मको माध्यमिक विद्यालयको रुपमा संचालन गर्ने।

(ङ) नजिकको दुरीमा अन्य विद्यालय नभएको वा अलग्गै वस्ती भएको भौगोलिक विकटता तथा विद्यालय र कक्षा समायोजनको कारण बाट पढाई बाट वन्चित वालवालिकाको पढाई सुनिश्चिताको लागि नगरपालिकाले अन्य आवश्यक व्यवस्था गर्ने छ र विद्यालय समायोजनको करण बाट कुनै पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकारलाई हनन गर्न पाइने छैन ।

(च) जनसंख्या वृद्धि वा कम भएको जनसंख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सो भन्दा बढी विद्यालयहरु ।

(छ)वाल विकास संचालनमा रहेका विद्यालयका अन्य कक्षाहरु अन्यत्रै गाभिएता वा बन्द भएता पनि वालविकास कक्षा कायमै गरि संचालन गरिने छ ।

(ज) गाभिएका वा बन्द गरिएका विद्यालयमा तत्काल कामकाज गर्दै आएका शिक्षक् , कर्मचारी, सहयोगी हरुलाई अन्य विद्यालयमा आवश्यकता आधारमा खटनपटन नगर शिक्षा समितिकोको सिफारिसमा कार्यालयले गर्नेछ ।

(झ) नजिकमा रहेका दुई वा दुई भन्दा बढी विद्यालयहरु मध्ये एउटा वा सबैमा विद्यार्थी संख्या तोकेअनुसार रहनुपर्ने छ ।

(ञ) कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा त्यस्तो विद्यालयको तह घट, कक्षा घट वा बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गर्न सकिनेछ ।

| कक्षा | १-३ | १-५ | ६-८ | ९-१० | ९-१२ |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ०७ जना | १० जना | १५ जना | १५ जना | ३० जना |

स्पष्टिकरणः- माथीको दफा (३) मा जुन सुकै कुरा लेखिएता पनि गाभिने वा बन्द गरिने विद्यालयमा संचालित वालविकास कक्षा कायम नै राखिने छ ।

## परिच्छेद -३
## समायोजन हुने विद्यालयका नामाकरण

**४. विद्यालय नामाकरणः**

४.१. गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडी थप्ने गरि नामकरण गर्ने वा दुई वटै विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

४.२. एकिकरण हुने विद्यालयको नामकरण गर्दा बढी विद्यार्थी संख्या भएको विद्यालयको नामको पछाडी कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामकरण गर्ने वा दुई वटै विद्यालयको व्यवस्थापन समितिको सहमतीमा कुनै नाम कायम गर्ने ।

४.३. दुई भन्दा बढी विद्यालयहरु आपसमा गाभी वा एकिकरण भई नयाँ ठाउमा विद्यालय स्थापना हुने अवस्था भएमा राष्ट्रियता , स्थानीयत र एतिहासिकता झल्कने साविकको नाम वा नयाँ नाम राख्ने ।

४.४. माथी उल्लिखित दफा ४.१,४.२, र ४.३ वमोजिमको विद्यालयको नामकरण तथा परिच्छेद ४ वमोजिमको विद्यालयको भौतिक सम्पती र संरचनाको व्यवस्थापन लगायत विषयमा सहजीकरण गर्न देहाय वमोजिमको एक समिति रहने छ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) संयोजक / एकिकरण हुने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(ग) सम्बन्धित वडाका वडा सदस्यहरु -सदस्य

(घ) सम्बन्धित विद्यालयका प्र.अ.हरु -सदस्य

(ङ) सम्बन्धित वडाका सचिब -सदस्य सचिब

अन्तर वडाको विद्यालय बीच समायोजन वा मिलन हुने भएमा गाभिने विद्यालयको वडा अध्यक्ष सह संयोजक रहने, अन्य सदस्यहरु सदस्य र वडा सचिव समेत सदस्य रहने छन् ।

## परिच्छेद-४
## विद्यालय समायोजन पश्चात गर्नुपर्ने भौतिक व्यवस्थापन

५. विद्यालय समायोजन पश्चात विद्यालयमा रहेको चल अचल सम्पतिको व्यवस्थापन देहाय अनुसार हुने गरि सम्बन्धित वडा अध्यक्षको समन्वयमा गर्नुपर्ने छ । यस कार्यमा समायोजन भएका विद्यालय व्यवस्थापन समितीका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक र कर्मचारीले आवश्यक सहयोग गर्नुपर्ने छ ।

(क) गाभिने विद्यालयको सबै चल अचल सम्पति दाखिला खारेज गरिएको वा नगरपालिका कायम हुने विद्यालयको नाममा कायम गर्ने ।

(ख) गाभिने विद्यालयमा रहेका फर्निचर,पाठ्य सामग्री लगायतका अन्य शैक्षिक सामग्री भएको नयाँ कायम भएको विद्यालयको जिन्सी दाखिला गर्नुपर्ने ।

(ग) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालयमा रहेको शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरि त्यस्ता मालसामानको साला खाला न्युनतम मूल्य कायम गरि सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीका लागि नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र नगरपालिकाको कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरि प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्ने छ ।

(घ) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि,पशुपालन,वा व्यवसायिक खेति गरियको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना बनाई वडा कार्यालयको सिफारिस सहित नगरपालिका कार्यालयमा पेश गर्नुपर्ने छ र नगरपालिकाको निर्देशन अनुसार गर्नुपर्ने छ ।

(ङ) समायोजन वा स्थगन गरिएको विद्यालयको चल अचल सम्पति सम्बन्धी वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले तोकेको विद्यालयलाई हस्तान्तरण हुनेछ ।

## परिच्छेद -५
## विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन

६. **समायोजन पश्चातको व्यवस्थापनः** विद्यालय समायोजन पश्चात विद्यालयको शैक्षिक तथा अन्य व्यवस्थापन देहाय अनुसार गर्नुपर्ने छ ।

(क) गाभिने विद्यालयका प्र.अ.लगायतका सबै शिक्षक र कर्मचारीहरुलाई गाभिएको विद्यालयमा काज खटन पटन गर्ने र यसरी खटनपटन गर्दा शिक्षक संख्या बढी हुने भएमा आवश्यकता अनुसार पायक पर्ने गरि नगरपालिकाको अन्य विद्यालयमा समेत खटनपटन गर्न सकिनेछ ।

(ख) आवश्यकता भन्दा बढी भएका शिक्षक दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दी कायम गरि नगर शिक्षा समितिमा रहने गरि कामकाज खटन पटन गर्ने छ ।

(ग) विद्यालय समायोजन पश्चात अर्को व्यवस्था नभए सम्मका लागि गाभिने विद्यालयको व्यवस्थापन समिति र अन्य समिति स्वत निस्क्रिय हुनेछ र गाभिएको विद्यालयमा रहेको व्यव्स्थापन समितिले नै कामकाज गर्नेछ । तर गाभिएको विद्यालयको व्यवस्थापन समितिको बैठकमा गाभिने विद्यालयको विद्यालय व्यवस्थापन समिति तथा शि.अ.सं का पदाधिकारीहरुलाई अनिवार्य आमन्त्रण गर्नुपर्ने छ ।साथै गाभिएको विद्यालयको व्यवस्थापन समितिमा कानुन वमोजिमको पूर्ति गर्नु पर्ने पद रिक्त भएको भए गाभिने विद्यालयका वि.व्य.स.को सदस्यहरुलाई मनोनित गर्न प्राथमिकता दिने ।

(घ) विद्यालय समायोजन पश्चात विद्यालय कर्मचारी र वाल विकास सहयोगी कर्मचारीको सेवा सुबिधा र पदीय हैसियत कुनै कटौती वा प्रतिकुल प्रभाव पर्ने गरि कार्य गर्न पाईनेछैन । तर आवश्यकताका आधारमा सरुवा वा स्थान्तरण गरी अर्को विद्यालयमा कामकाज लगाउन सकिनेछ ।

## परिच्छेद-६
## विद्यालय समायोजनका लागि अपनाउनु पर्ने प्रक्रिया

७. **विद्यालय समायोजनका प्रक्रियागत चरणहरुः** विद्यालयहरुको समायोजन गर्दा नगरपालिकाले देहायका प्रक्रियागत चरण अपनाउनेछ ।

(क) कार्यपालिकाले विद्यालय समायोजनका लागि कार्यदल बनाउन सक्नेछ ।

(ख) नगरपालिकामा रहेका विद्यालय र शिक्षक सम्बन्धी तथ्यांक अध्ययन तथा विश्लेषण गर्ने ।

(ग) समायोजन आवश्यक देखिएका विद्यालयहरुको स्थलगत अध्ययन गर्ने ।

(घ) विद्यालय सरोकारवालाहरु र (वडा अध्यक्ष , वडा सदस्यहरु, वि.व्य.स.तथा शि.अ.स. का पदाधिकारीहरु शिक्षक अभिभावक वुद्धिजीबी आदि) संग अन्तरक्रिया गरि सुझाव संकलन गर्ने ।

(ङ) कार्यदलको सिफारिस नगर शिक्षा समितिमा व्यापक छलफल गरि उपयुक्त देखिएमा नगर शिक्षा समितिले कार्यपालिकामा समायोजन सम्बन्धी सिफारिस गर्ने ।

८. **कार्यदल गठनः** समायोजन कक्षा थप, कक्षा घट, तह घट आदिका विषयमा अध्ययन प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि नगर शिक्षा समितिले देहाय वमोजिमको कार्यदल गठन गर्नेछ ।

| | |
|---|---|
| (क) सामाजिक समितिका संयोजक | -संयोजक |
| (ख) नगर प्रमुखले तोकेका नगर शिक्षा समितिका सदस्य मध्ये एक महिला सहित २ जना | -सदस्य |
| (ग) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | -सदस्य सचिव |

## परिच्छेद-७
## विविध

९. **कार्यक्रम संचालन गर्नसक्नेः** समायोजन हुने वा गाभिने विद्यालयका सरोकार वाला समुदायले गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय, सामुदायिक सूचना केन्द्र वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम संचालन गर्न चाहेमा कार्यपालिकाको निर्णय वमोजिम त्यस्ता कार्यक्रम संचालन गर्न सक्नेछन ।

१०. **पुनः विद्यालय संचालन गर्नसक्नेः** समायोजन भै संचालनमा नरहेका विद्यालय भवन रहेको स्थानमा पूनः विद्यालय संचालनका लागि न्युनतम विद्यार्थी संख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय संचालन गर्न नगरपालिकाले अनुमति दिन  सक्ने छ ।

११. **प्राथमिकता दिनेः** विद्यालय समायोजन, एकिकरण वा गाभिए पछि उक्त विद्यालयमा भवन शौचालय, फर्निचर आदि भौतिक सुबिधा विस्तार एवं निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि प्राप्त अनुदान वितरण गर्दा नगरपालिकाले पहिले प्राथमिकता दिनेछ ।

आज्ञाले,
उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत